स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




करिब ५ वर्षपछि नेपाली फिल्मले प्रदर्शनको सय दिने दुर्लभ यात्रा तय गरेको छ । गत बैशाख १ गतेबाट प्रदर्शनमा आएको फिल्म 'जारी'ले ब्लकबस्टर व्यापार गर्दै उपत्यकाभित्रका तीनवटा हलमा सय दिन मनाएको हो । क्यूएफएक्स चेनको सिभिल मल, बिग मुभिज र एफक्यूब हलमा फिल्म सय दिनसम्म टिकेको छ । प्रदर्शनको दुई हप्ता बक्स अफिसमा आक्रामक कमाई गरेको 'जारी'ले सय दिनसम्ममा १७ करोड १७ लाख ग्रस कलेक्सन गरेको चलचित्र विकास बोर्डको तथ्यांकनमा देखिन्छ ।

**आजको विचार...**



गोविन्द भट्टराई

पुष्पलाले...
(दुई पेजमा)



कथा लेखनदेखि स्टारकास्टसम्मले फिल्मलाई हिट र फ्लप बनाउन ठूलो भूमिका खेल्छ । कुनै समय बलिउडमा स्टारलाई ध्यानमा राखेर कथा लेखिन्थ्यो । तर, ती स्टारले काम गर्न अस्वीकार गरेपछि निर्देशक/निर्माता अरु कलाकारलाई लिएर फिल्म बनाउन बाध्य हुन्थे । त्यस्ता धेरै फिल्म छन्, जुन पछि सुपरहिट भए । यसको एउटा उदाहरण अमिताभ बच्चन स्टारर फिल्म 'जंजीर' हो । यो फिल्मले अमिताभलाई एंग्री योङ म्यानको रुपमा पहिचान दियो भने स्टारडमको नयाँ उचाईंमा पुर्‍यायो । यही फिल्मले उनलाई सुपरस्टार बनाएको हो ।

❒ वर्ष २९ ❒ अंक ७ ❒ २०८० साउन ७ गते आइतबार 23 July 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


# तानसेनमा मूल्य भन्दा बढी रकम लिएर उपभोक्ता ठगी


## ग्यास, चुलोका उपकरण विग्रेका छन् भन्दै किन्न बाध्य पार्दै विक्रेता

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ६/पाल्पाको तानसेनमा सामानको मूल्य भन्दा बढी रकम लिएर उपभोक्तालाई ठगी गर्ने गरेको पाइएको छ । पोखरा, बुटवलबाट आएका विक्रेताले बजार मूल्य भन्दा बढी नै रकम लिएर उपभोक्ता ठग्ने गरेको पाइएको हो ।

विलमा 'सम्पूर्ण ग्यास रिसर्च प्रालि' पोखरा-१७ विरौटा, शाखा कार्यालय बुटवल, धनगढी नाम/ठेगाना उल्लेख गरेको कम्पनीले तानसेनमा आइ खाना पकाउने ग्यास, चुलो सम्बन्धी आवश्यक उपकरणहरु विक्री गर्दा बजार मूल्य भन्दा बढी रकम लिएको भेटिएको छ । कम्पनीका कर्मचारीहरुले झोलामा समान राखेर उपभोक्ताहरुको घर-घरमा पुगी जवरजस्ती ग्यास,चुलोका उपकरणहरु राख्न लगाउने र बजार मूल्य भन्दा बढी रकम लिने गरेको पाइन्छ । उनीहरुले ग्यास, चुलोमा प्रयोग हुने सेफ्टी गार्ड, रबर पाईप, सेफ्टी क्लिक, चुलो सफा गर्ने ब्रस, आईजी टि रेगुलेटर लगायतका सामानमा ४ हजारदेखि १० हजारसम्म लिने गरेका छन् । जब कि तानसेनका बजारमा यी सामानहरुको मूल्य एक हजार ८ देखि २ हजार एक सय सम्म पर्दछ । उनीहरुले बिल काट्दा समेत बठ्याइँ गरेका छन । बिलमा प्रत्येक सामानको विवरण सहित परिमाण उल्लेख गरे पनि तिनीहरुको दर भने लेखिएको छैन । बिलमा कूल रकम मात्र उल्लेख गर्ने गरिएको छ । उनीहरुले सर्भिस चार्ज सहित सदस्य शुल्क पनि लिने गरेको पाइन्छ । विक्रेताहरुले आईजी टि रेगुलेटरको मूल्य २ हजार ६ सय ५० लिने गरेको भेटिएको छ । जब की यसको तानसेनमा बजार मूल्य एक हजार ५ सय पर्ने गरेको छ ।







विक्रेताहरुले तानसेन २ की कल्पना पोखरेल खनालसँग सेफ्टी गार्ड, रबर पाईप, आईजी टि रेगुलेटर एक/एक पिस र सेफ्टी क्लिक दुई पिसको चार हजार लिएका छन् । तानसेन २ कै जयती थापासँग सेफ्टी गार्ड, आईजी टि रेगुलेटर, रबर पाईप, दुई/दुई पिस, सेफ्टी क्लिक ६ पिस र चुलो सफा गर्ने ब्रस एक पिसको १० हजार २ सय ५० लिएका छन् । विशेष गरी उनीहरुले बुढाबूढी, केटाकेही र महिला भएका घरहरुमा पुगी ग्यास र चुलोका समान विग्रीसकेको र टुटफुट भएकाले खतरा रहेको भन्दै आफुहरुले ल्याएका समान किन्न बाध्य पार्ने गरेको उपभोक्ताहरुको गुनासो छ । तानसेन २ मेहलधारकी ८१ वर्षीय श्री लक्ष्मी भट्टराईले घर आई रेगुलेटर र पाईप हेरी फुटेको छ प्रयोग गर्न हुन्न यो फड्किने खतरा हुन्छ भन्दै सामान किन्न बाध्य बनाएको बताईन् । उनले भनिन्' म घरमै थिए, उनीहरु आएर चुलो र ग्यास हेरे र भने आमा पाईप र रेगुलेटर फुटेका छन्, अर्को फेर्नु पर्छ, यसले जति बेला पनि खतरा हुनसक्छ, त्यसो भने पछि अलितर, पलितरका बुद्धिजीवीहरुले पनि ति सामान राखेकाले खतरा हुने डरले पैसा नभए पनि अरुसँग सापट लिएर चार हजारमा किनेकी हुँ ।' आफु ठगिएको थाहा पाएपछि लौरो टेकेर जिल्ला प्रहरी कार्यालय आएकी भट्टराईले आक्रोसित हुँदै भनिन् 'चोरहरु कहाँ छन् म बूढी मान्छेलाई यसरी ठग्ने हो ।' तानसेन -२ कै ७२ वर्षीय सकुर मियाँले चार हजारमा उक्त एक सेट सामान किनेको बताए । उनले तीन दिन अघि घरमै आएका व्यक्तिले ग्यास फड्कीने डर देखाउँदै आफुहरुले ल्याएका सामान किन्न बाध्य बनाएको बताए । छिमेकीले सामान महँगो परे छ भनेर पछि बल्ल उनले आफु ठगिएको महसुस गरे । यी त केही प्रतिनिधि पात्रा मात्र हुन । उनीहरुबाट धेरै उपभोक्ताहरु यसरी नै ठगिएका छन् ।

**ठगी गर्ने विक्रेता प्रहरी नियन्त्रणमा**

तानसेनका घर-घरमा पुगेर डर देखाउँदै अधिक मूल्यमा सामान विक्री गर्ने सम्पूर्ण ग्यास रिसर्च प्रालिका कर्मचारी प्रहरी नियन्त्रणमा छन् । उपभोक्ताहरुबाट ठगिएको गुनासो आएपछि शनिबार पाल्पा ग्यास डिलर्स संघले पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघको सहकार्यमा ठगी गर्नेहरुलाई प्रहरीको नियन्त्रणमा ल्याएको हो । ठगी गर्दै हिड्ने ५ जना भए पनि शनिबार तीन जनालाई मात्र प्रहरीले नियन्त्रणमा लिएको छ । तानसेनको बजार मूल्य भन्दा धेरै नै रकम लिएर उनीहरुले उपभोक्ता ठग्ने गरेको ग्यास डिलर्स संघका जिल्ला अध्यक्ष राजेन्द्र बज्राचार्यले बताए । उनले तानसेनमा दुई हजारसम्म पाइने सामानहरुलाई चार हजार लिने गरेको बताए । उनले भने ' उपभोक्ताहरुलाई डर देखाएर राम्रै सामानलाई पनि विग्रीएको छ भन्दै किन्न बाध्य बनाउने र बजार मूल्य भन्दा अधिक मूल्य लिने गरेको थाहा पाएपछि उनीहरुलाई सम्पर्कमा ल्याई प्रहरीमा उजुरी दिइएको हो ।' उनले विक्रेताहरुलाई कारवाहीसँगै पिडित उपभोक्ताहरुको पैसा फिर्ता हुनुपर्ने कित बजार मूल्य अनुसार दिनुपर्ने भन्दै प्रहरीमा उजुरी दिएका हुन् । प्रहरीले संघको उजुरीको आधारमा विक्रेताहरुको साथमा रहेका सामानहरु नियन्त्रणमा लिएको छ ।

**विक्रेता भन्छन्' हामीले निर्धारण मूल्य अनुसार नै विक्री गरेका हौं'**

सम्पूर्ण ग्यास रिसर्च प्रालिका व्यवस्थापक दामोदर पौड्याल आफुहरुले निर्धारित मूल्य अनुसार नै सामान विक्री गरेको बताए । उनले आफुहरु पोखरा, बुटवलदेखि आउनुपर्ने भएकाले केही मँगो पर्न गएको स्वीकार गरे । व्यवस्थापक पौड्याले नेपाल एल.पी.जी. सेफ्टी एण्ड मार्केटीङ्ग एसोसिएसनले निर्धारण गरेको मूल्य अनुसार नै विक्री गरेको दावी गरे । एसोसिएसनले दुई किसिमका आईजी टी रेगुलेटरको मूल्य फरक फरक राखेको छ । उसले एउटाको २ हजार ६ सय ५० र अर्काको २ हजार ३ सय ५० मूल्य कायम गरे पनि विक्रेताले भने कुन रेगुलेटर हो त्यो भने विलमा उल्लेख नगरी २ हजार ६ सय ५० नै लिएको पाइन्छ । अन्य सामानहरुमा पनि यस्तै गरेको भेटिन्छ ।

**पान बिल पनि पुरानै प्रयोग**


विक्रेताहरुले पुरानै पान बिल प्रयोग गरेका छन् । नयाँ आर्थिक वर्ष सुरु भएपछि बिल नम्वर १ बाट बिल काटिनु पर्ने व्यवस्था भए पनि उनीहरुले उपभोक्ताहरुलाई दिएको बिल भने पुरानै काटेको देखिन्छ ।

**कानुनी कारवाहीका लागि बुटवल पठाइयो**

उपभोक्ता ठगी गर्नेहरु माथि आवश्यक अनुसन्धान गरी कानुनी कारवाहीका लागि आन्तरिक राजस्व कार्यालय बुटवल पठाइएको प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोलाले बताए । उनले कम्पनी पोखरामा दर्ता भएकाले कर सेवा कार्यालबाट हेर्न नमिल्ने भएपछि आन्तरिक राजस्व कार्यालयमा पठाइएको बताए । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक हेरम्ब शर्माले पाल्पा ग्यास डिलर्स संघको उजुरी र उपभोक्ताहरुको गुनासोका आधारमा विक्रेताहरुलाई नियन्त्रणमा लिई कागजातसहित आवश्यक कानुनी कारवाहीको लागि बुटवल पठाइएको बताए ।

## सक्षिप्त समाचार

### लम्पी स्किन बिरुद्ध खोप अभियान



**गुल्मी,** साउन ६/जिल्लामा लम्पी स्किन भाईरस बिरुद्धको खोप अभियान सुरु गरिएको छ । पछिल्लो समयमा पशु चौपायमा संक्रमण बढ्दै जान थालेपछि खोप अभियान सञ्चालन गरिएको हो । खोप अभियानको एक औपचारिक कार्यक्रम गरी शुभारम्भ गरिएको छ । जिल्ला समन्वय समिति प्रमुख दोर्णबहादुर खत्रीले अभियानको शुभारम्भ गरेका हुन् । अभियानको शुभारम्भ गर्दै उनले सबै किसानको गोठमा पुगेर खोप अभियानलाई प्रभावकारी बनाउन र पशु प्राविधिकहरुलाई उच्च मनोवलका साथ काम गर्न आग्रह गरे । लुम्बिनी प्रदेश सरकारले भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मार्फत प्रत्येक स्थानीय तहमा अभियान सञ्चालन गरेको लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्राालयका पशु विकास अधिकृत हुमकान्त पाण्डेयले बताए । संक्रमण नियन्त्रण गर्न १५ हजार खोप गुल्मी आएको छ । पालिका स्तरमा सात हजार पाँच सय ३४ पशुचौपायालाई खोप लगाईएको केन्द्रले जनाएको छ ।

पहिलो चरणमा सबै पालिकामा स्थानीय तहका पशु प्राविधिकहरुलाई प्रशिक्षणसहित खोप उपलब्ध गराइएको छ । संक्रमणको आधारमा दुई हजार पाँच सय खोप वितरण गरिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख डाक्टर भरत काफ्लेले बताए । हालसम्म तीन सय २७ वटा गाईगोरु र पाँच भैसीराँगा मरेका छन् भने आठ हजार छ सय चार पशु संक्रमित छन् । धेरैजसो गाईगोरुमा सक्रमण देखिएको छ । मृत्यु हुनेमा सबैभन्दा बढी गाई गोरु नै रहेको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका सूचना अधिकारी डाक्टर मदन भण्डारीले जानकारी दिए ।

## माछा मार्ने जालमा परी डुब्दा एकको मृत्यु

**पाल्पा,** साउन ६/माछा मार्ने जालमा परी कालिगण्डकी नदीमा डुब्दा पाल्पामा एक युवकको ज्यान गएको छ । जिल्लाको रम्भा गाउँपालिका -२, रानीवासका २६ वर्षीय कोपिल पाँडे मगरको माछा मार्न प्रयोग गर्ने जालमा परेर ज्यान गएको हो ।

रानीवास घर भए पनि उनी रम्भा-१ छापस्थित दलबहादुर पाण्डेको घरमा आफ्नै आमासँग बस्दै आएका थिए । पाँडे घर नजिकैको कालिगण्डकी नदीमा माछा मार्न गएका थिए । माछा मार्ने क्रममा आफैले तयार पारेको जालमा फसी उनी एक्कासी पानीमा डुब्न पुगेका थिए । पानीमा डुवेर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घटनाको प्रारम्भीक अनुसन्धान गरी शवलाई पोष्टमार्टका लागि रामपुर अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता भुपेन्द्र थापाले जानकारी दिए । घटनाको बारेमा थप अनुसन्धान भैरहेको छ ।

## गुल्मीमा नागरिकताभन्दा राहदानी बनाउने बढी

**तम्घास,**साउन ६/ गत आर्थिक वर्ष २०७९/८० मा गुल्मीमा नागरिकता बनाउनेभन्दा राहदानी बनाउनेको संख्या बढी देखिएको छ ।

जिल्ला प्रशासन कार्यालय गुल्मीका अनुसार गत आर्थिक वर्षमा जिल्लामा नागरिकता बनाउनेको संख्याभन्दा राहदानी बनाउनेको संख्या करिब पाँच हजारभन्दा बढी छ । गत आवमा वंशज, वैवाहिक र जन्मका



आधारमा १० हजार तीन सय ५५ जनाले नागरिकता बनाएका छन् भने राहदानी बनाउनेको संख्या १५ हजार ८६ जना छन् ।

कार्यालयका अनुसार जिल्लामा आव २०७८/७९ मा सात हजार चार सय नौ र आव २०७७/७८ मा दुई हजार चार सय २६ र जनाले राहदानी बनाएका छन् ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बीपी र पुष्पलालको विचार अनुसरण गरौं

बीपी कोइराला र पुष्पलाल श्रेष्ठ नेपालको प्रजातान्त्रिक आन्दोलनका दुई मुख्य हस्ती हुन् । हरेक वर्ष साउन ६ गते बीपी कोइरालालाई र साउन ७ गते पुष्पलाल श्रेष्ठलाई सम्झने गरिन्छ । यी दुई यस्ता व्यक्तित्व हुन्, जसले आफ्नो जीवनकालमा नेपालका दुई फरक राजनीतिक धारलाई नेतृत्व दिए । उनीहरूको निधनको लामो समयपछि पनि दुवै व्यक्तित्व नेपालको राजनीतिमा अत्यधिक चर्चामा छन् । उनीहरूका कृति पनि मान्छेले खोजीखोजी पढ्छन् । उनीहरूको मृत्युपछि पनि नेपाली राजनीति उनीहरूकै विचारबाट आजपर्यन्त अनुप्राणित एवम् ध्रुवीकृत छ । नेपाली काग्रेसका संस्थापक बीपीलाई उनको पार्टीसहित प्रजातन्त्रप्रति आस्था राख्ने दल, समूह र व्यक्तिले आदर्श मान्छन् । अर्कोतर्फ नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल नेपालको समग्र वाम आन्दोलनको आदर्श बनेका छन् ।

बीपीको ४१ औँ र पुष्पलालको ४५ औँ स्मृति दिवस मनाइँदै गरिएको यस घडीमा उनीहरुको देशप्रतिको योगदानलाई हेर्ने हो भने निकै उच्चरुपमा विद्यमान रहेको पाइन्छ, जुन धेरैका लागि प्रेरणाको विषयसमेत रहँदै आएको छ । देशमा राजनीतिक परिवर्तनका निम्ति जीवनको अन्तिम घडीसम्म नै लडिरहेका बीपी कोइरालालाई प्रजातन्त्र र समाजवादका प्रणेताका रुपमा लिइन्छ । देशमा प्रजातन्त्र स्थापनाका लागि जीवनपर्यन्त लागिरहने बीपीले राजनीतिमा गरेको समर्पण र त्याग आज पनि धेरैका लागि प्रेरणाको रुपमा रहिरहेको छ । बीपी विचारको अन्तिम निष्कर्ष हो– मानिस ठूलो बन्न नखोज, असल बन । ठूलो बन्ने चाहनाले हिंसा, परपीडन, युद्व, संघर्ष, विभेद, विभाजन आदिलाई मलजल गर्छ । यो उनको विचार अहिले पनि उत्तिकै सान्दर्भिक छ । उनको मेलमिलापको नीतिलाई नेपाली राजनीतिमा एउटा कोशेढुङ्गाको रुपमा समेत लिने गरिएको छ । बीपीजस्तो राजनेता नेपाली काग्रेसले अर्को प्राप्त गर्न नसक्नुलाई निकै विडम्बनाको रुपमा लिन सकिन्छ । यस्तै नै नेपाली राजनीतिका अर्का महारथि पुष्पलाल हुन् । कम्युनिष्ट आन्दोलन अहिले दिशाहीनरुपमा पुगेको छ । जुन सोच र परिकल्पनाबाट प्रेरित रहँदै कम्युनिष्ट आन्दोलनलाई नयाँ दिशा र परिभाषा पुष्पलालले दिएका थिए त्यसको साकार रुप अहिले नपाइनु दुर्भाग्य हो । कम्युनिष्टहरुले पुष्पलालको सोच, विचार र सिद्धान्तलाई अनुसरण नगर्दा पार्टी र देश बन्न नसकेको हो । अहिले बीपीको परिकल्पनाअनुसार न नेपाली काग्रेस अघि बढ्न सकेको छ न पुष्पलालको सोचलाई नै मूर्तरुप दिन कम्युनिष्टहरु । यसर्थ बीपी र पुष्पलालले नेपाली राजनीतिकमा पुऱ्याएको योगदानको कदर, सम्मान गर्दै अनुशरण गर्न सके मात्र उनीहरुको सम्झना गरेको ठहर छ । अन्यथा स्मृति औपचारिकतामै सिमित बन्न पुग्छ ।

## Opinion @ Social Network

सबैभन्दा समझदार मान्छे त्यहि हुन्छ, जसले सफलता प्राप्त गर्दा अहंकारप्रदर्शन गर्दैन अनि विफलतामा पनि सोकमा डुबेर समय बिताँउदैन् ।

*(बिजय भूसालको फेसबुक स्टाटस https://www.facebook.com/**vijay.bhusal.1447**)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

सन्दर्भः पुष्पलाल र बीपी स्मृति दिवस

# पुष्पलाल र बीपीः सम्झने मात्र कि उहाँहरुबाट सिक्ने पनि ?



**गोविन्द भट्टराई**

हरेक वर्ष साउन महिनाको ६ गते बीपी र ७ गते पुष्पलालको फोटोमा माल्र्यापण गरेपछि नेताहरुले उहाँहरुको योगदानबारे चर्चा गर्दै अब हामी पनि उहाँले देखाएको मार्गमा हिड्छौं भन्छन् । कार्यक्रमस्थलबाट बाहिरए पछि ती नेता वा कार्यकर्ताले बीपी र पुष्पलाललाई बिर्सने गरेकाले नै देशमा विकृति, विसंगति मौलाएको छ । सदभाव, सदाचार हराएको छ । मनमोहन अधिकारी, मदन भण्डारी जस्ता पुष्पलालका राष्ट्रभक्त अनुयायी देशले पाउन सकेन । गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई जस्ता बीपीका अनुयायी निस्वार्थी नेता देशले पाउन सकेको छैन । बीपी र पुष्पलाल आजपर्यन्त साझा नेताको रुपमा स्थापित भएका छन् । यसर्थ बीपी र पुष्पलाल सम्पूर्ण नेपालीजनका शिर्ष व्यक्तित्व हुन भन्दा अन्यथा नहोला । नेपालका कम्युनिष्ट पार्टीले पुष्पलाल अनि नेपाली काँग्रेसले बीपीलाई आृनो कित्ताको मात्र नेता ठानेर बखान गर्न रुचाउँछन् तर उहाँहरुबाट आफूले के सिके ? समीक्षा गर्न सकेका छैनन् । रामेछापको भंगेरीमा जन्मेका पुष्पलाल आम नेपालीको मनमनमा पुग्नसके । विराटनगरका बीपी सबैका नेता बन्न सके । मूलतः नेपाल कम्युनिष्ट पार्टीको स्थापनामा पुष्पलाल र नेपाली काँग्रेसको स्थापनामा बीपीको योगदान छ । दुवैले राष्ट्र तथा पार्टी हितका लागि त्याग गरेका छन् । दुवै नेताले अन्ततः कम्युनिष्ट र काँग्रेस मिलेर मात्र निरङकुश पञ्चायती व्यवस्थाको अन्त्य गर्न सकिने तथ्य मनन् गर्न पुगेका थिए । बि.सं.२०४६ को संयुक्त जनआन्दोलन त्यही आधारमा अगाडि बढेको इतिहास साक्षी छ । नेपालको समग्र विकासका लागि कांग्रेस र कम्युनिष्टले सहयात्रा गर्न सक्नुपर्छ भन्ने तथ्य बीपीका कान्छा भाइ पूर्व प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालाले समेत प्रौढअवस्थामा मनन गर्नु भएको थियो । मनमोहन अधिकारी, साहना प्रधान, गणेशमान, कृष्णप्रसाद भट्टराईले २०४६ को जनआन्दोलन ताका नै संयुक्त जनआन्दोलनको मर्म बुझिसक्नु भएको थियो । दुःखको कुरा आसेपासेहरुको कुरा, परिवार र पार्टीभित्रको खिंचलोले काँग्रेस, कम्युनिष्ट पार्टीका शिखर व्यक्तित्वहरु नै ऐन मौकामा चुकेको घटनाहरु नजरअन्दाज गर्न हुँदैन । २०५२ बाट आरम्भ नेकपा माओवादीको सशस्त्र आन्दोलनलाई सुरक्षित अवतरणका लागि २०६२/६३ को आन्दोलनमा तत्कालीन कम्युनिष्ट–कांग्रेस पार्टीका शिर्ष नेताहरुको समेत यथोचित भूमिका रहेको सन्दर्भ समेत स्मरण गर्न जरुरी छ । यी कुरा थाती राखौं, पुष्पलाल र बीपीबाट वर्तमानमा हाम्रा नेताले के सिके ? आम नेपालीका सपना पूरा गर्न वा संघीय लोकतानित्रक गणतन्त्र संस्थागतका लागि उनीहरुले पुष्पलाल र बीपीबाट के प्रेरणा लिए ? पार्टी जीवन वा आृनै जीवन–व्यवहारमा के लागू गरे ? चुरो कुरोमा छलफल गरौं भन्ने पंक्तिकारको आग्रह हो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा भएको डेढदशक अवधि नाघिसकेको छ । देशमा तीन तहका सरकार रहेका छन् । सिंहदरवारको अधिकार गाउँ-गाउँमा विकेन्द्रित गरिएको भनिन्छ तर व्यवहार गाउँ विकास समितिबाट भन्दा पालिकाहरुबाट प्रवाह गरिने सेवा आम नागरिकका लागि असहज बनेको गुनासो छ । भूगोल नमिलेका व्यथा, सेवा प्रवाहका जटिल प्रक्रिया, राम्रा भन्दा हाम्रालाई टाकुरे लगाउने प्रवृत्ति गणतन्त्रमा पनि उस्तै छ । पार्टीका नेता, कार्यकर्ता हुन वा पार्टी बलमा चुनाव जितेका अन्य निर्वाचित जनप्रतिनिधिको भूमिका आयोग पास गरेको कर्मचारीको जत्ति पनि नभएको गुनासो सुनिन्छ । कम्युनिष्ट पार्टीका नेता, कार्यकर्ताले पुष्पलाल आफूहरुको आदर्श बताउन रुचाउँछन तर ब्यबहारमा सामन्त प्रवृत्ति हटेको छैन् । जीवन शैली फेरियो तर आम सर्वसाधारण नेपालीको हालत उस्तै छ । संविधानले ब्यवस्था गरेको मौलिक हक उपभोग गर्न नपाएको गुनासो प्रति नेता, जनप्रतिनिधि बेखवर छन ? वा सम्बोधन गर्न आवश्यक ठानेका छैनन् ? नागरिकले हेरेका छन् । भाषण, भत्ता र सत्ताको सेरोफेरोमा पुष्पलाल र बीपीलाई आफ्नो आदर्श ठान्नेहरु केन्द्रित हुनु दुःखद कुरा हो । निजी सम्पत्तिलाई महत्व दिने स्वार्थी प्रवृत्तिका हाम्रा नेता कार्यकर्ताकै कारण निष्ठाको राजनीति ओझेलमा परेको छ । हिजो बीपीलाई आज पुष्पलाललाई स्मरण गरेर मात्र कतब्य पुरा हुँदैन बरु उहाँहरुको असल कर्म, योगदानबाट शिक्षा लिन जरुरी छ । त्यसो गर्न सके मात्र उहाँहरुलाई सच्चा श्रद्धाञ्जली दिएको ठहर्ने छ । **(लेखक स्वतन्त्र पत्रकार तथा नेतृत्व त्रैमासिक पत्रिकाका सम्पादक/प्रकाशक समेत हुन् ।)**

# नेपालको शक्ति र बदल्ने जुक्ति

**खगेन्द्रराज सिटौला**

नेपाल बदल्ने जुक्ति र शक्ति जानेमा नेपाल सजिलैसँग क्रमश बदलिँदै जान्छ। तर नेपालको शक्ति पनि चिनेनन् र जुक्ति पनि जानेनन् भने चाहिँ नेपाल बदल्न कठिन छ ।

त्यसैले नेपाल बदल्ने शक्ति र जुक्ति पहिल्याउनु चाहिँ महत्वपूर्ण मात्रै होइन प्रमुख कडी नै हो । पहिला हामी नेपालको शक्ति चिन्न पट्टी लागौं । नेपालको भूगोल, इतिहास र वर्तमान आफैंमा नेपालको शक्ति हो । नेपालको भूगोल भनेको वर्तमान नेपालको राजनीति सिमाना भित्रका सबै प्राकृतिक सम्पदालाई बुझाउँछ । अर्थात् समग्र नेपालको प्राकृतिक सम्पदा नेपालको शक्ति हो । संसारको सबभन्दा अग्लो हिम शिखर सगरमाथालगायत सबै हिम श्रृंखलाहरु, हिमनदीहरु, हरिया पहाड वन जंगलहरु, बेंसी, उपत्यका र उब्जाउ मैदानी फाँट सबै नेपालका शक्तिहरु हुन् ।

वाह्य देखिएका वा देखिने सबै प्राकृतिक सुन्दरता र जमिन मुनी देखिने, भेटिने सबै अनेक बहुमूल्य खानीहरु पनि नेपालको शक्ति हो। सतह बाहिरका हिमाल, जल, जमिन, जंगल, जडीबुटी, ढुंगा, माटो आदि इत्यादि सबै नेपालका शक्ति हुन् । हामीले नेपालको इतिहासलाई पनि नेपालको शक्ति मान्यौं । नेपालको भूगोलसँग पाँचहजार भन्दा लामो इतिहासको सजिव शाश्वत सम्बन्ध छ। अन्त विश्वमा विरलै पाइने यस्तो निरन्तर सजिव सम्बन्ध बोकेको इतिहास आफैंमा नेपालको शक्ति हो । विश्वको नै मानव श्रृजित र प्रमाणित आदि वौद्धिक ग्रन्थ वेदहरु, मुन्धुम जस्ता नेपाली माटोमा नै रचित तथा श्रृजित हुनु आफैंमा नेपाली इतिहासको बौद्धिक शक्ति हो । वैदिक सभ्यताको वौद्धिक तथा आध्यात्मिक धारको निरन्तर प्रवाह आफैंमा नेपाल शक्ति हो। यो धारसँग जोडिदै क्रमभंग नभएका इतिहासले अंकित गरेका अनेक कालखण्डका अनेक सभ्यताहरुका सार र धार आफैंमा नेपालको शक्ति हो । नामै लिएर भन्दा किरात सभ्यता, लिच्छवी सभ्यता, खस सभ्यता, मैथिली सभ्यता, मल्ल सभ्यता आदि सबै नेपालका इतिहास हुन् र आफैंमा इतिहास श्रृजित शक्ति हुन् । यी सबै इतिहास र सभ्यताको, इतिहासको संगठक, उत्तराधिकारी वा विरासत भएर आधुनिक नेपाल र नेपाली इतिहासका निर्माता पृथ्वीनारायण शाह र उनको नेतृत्वमा एकिकृत नेपाल आफैंमा एकमुष्ठ नेपालको आधुनिक शक्ति हो । पूर्वीय आध्यात्मिक चिन्तनधारले अघि सारेको, व्याख्या गरेको र मूल तथा प्रमुख शक्ति शिवशक्ति याने शैव शक्ति नेपालको अर्को आध्यात्मिक शक्ति हो । शिव भूमि भनेर पनि परिचित नेपाल आफैंमा नेपाल पूर्वीय आध्यात्मिक चिन्तनधार र शक्तिधारको शक्ति केन्द्र हो । एककिसिमले यो पूर्वीय आध्यात्मिक चिन्तनधारको गुरु राष्ट्र हो । पशुपतिनाथ, गोरखनाथ, या मुक्तिनाथ आदि इत्यादि शिवसँग जोडिएका आध्यात्मिक केन्द्रलगायत देवस्थल मठ मन्दिरहरु आफैं नै यो या त्यो रुपमा नेपालका आध्यात्मिक शक्तिका अनेक एकाई भएर बसेका छन् । गौतम बुद्ध याने सिद्धार्थ गौतमको जन्मभूमी लुम्बिनी र सीताको जन्मभूमी जनकपूर पनि नेपालको आध्यात्मिक शक्ति हुन् र यी सबैले अनेक कोणबाट दिने योगदान र शक्ति नेपाल शक्तिमा रुपान्तरण भएका छन् । हाम्रा मुन्धुम हुन या अन्य रैथाने आध्यात्मिक सार र धार सबै हाम्रा शक्ति हुन् । यसरी आध्यात्म र प्रकृतिसँग जोडिएर विकसित भएका विविध संस्कृति धार र यी धारले बाँधिएका जोडिएका नेपाली विवधताको एकता अर्को आफैंमा नेपाल शक्ति हो । अर्थात् नेपालको प्राकृतिक विविधता, सांस्कृतिक विविधता र यी विविधताको विशिष्टता जगबाट उठेको नेपाली एकता आफैंमा नेपाल शक्ति हो । आध्यात्मिक जगबाट उठेका वा विकसित भएका नेपालीका रीतिरिवाज, चाडपर्व, नाचगान पूजाआजा, खानपिन, रहनसहन आदि इत्यादि नेपाली संस्कृति भएर फिँजिएको छ झांगिएको छ । यसरी झाँगिएको नेपाली संस्कृतिले नेपालीहरु एक अर्कामा छुट्याउनै नसकिने गरेर बाँधिएका छन् । यसरी संस्कृतिद्वारा बाँधिएका नेपालीको विविधता वीचको साँस्कृतिक एकता पनि नेपालको अर्को बलियो शक्ति हो । अर्थात् विविध नेपाली सस्कृति आफैंमा नेपाल शक्ति । किनभने नेपाली संस्कृतिको गहिरो जरा र लामो बलियो लहरा छ । नेपाली जनताको श्रम संस्कृति अर्थात श्रमशक्ति र नेपाल एकीकरणसँगै विकसित भएर आएको र गहिरिएको देशभक्ति आफैंमा अर्को नेपाल शक्ति हो । गोर्खाली याने नेपाली जनताको देशभक्ति र सौर्यको उच्चतम अभिव्यक्ति सिन्धुलीमा भएको थियो। जसले उदाउँदो विश्वशक्ति अंग्रेजशक्तिलाई पराजित गरेर नेपालशक्तिको परिचय दिएको थियो । पृथ्वीनारायण शाहको नेतृत्वमा विकसित र संगठित भएको नेपाली सौर्य गोर्खाली वीरको नाममा अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डेड भएको छ । देशभक्त नेपाली जनताको सौर्य इतिहासको विरासत मात्रै होइन हरेक वर्तमानको शक्ति पनि हो । हो यो हरेक वर्तमानको नेपाल शक्ति हो । पृथ्वीविचारमाथि आधारित भएर प्राथामिकताको साथ विकासका योजना नीति कार्यक्रम अघि सारेको खण्डमा परिणामले नेपाल बदल्ने सहि जुक्ति फेला पारेको र त्यो जुक्तिले नेपाललाई नयाँ शक्ति प्रदान गरेको पुष्टि हुनेछ । स्वदेशी, मन, जन, धन, साधन,उत्पादन उपयोग माथि सीप र सुशासनको योग को एकमुष्ठ नाम पृथ्वीविचार हो । माथि उल्लेख गरिएका नेपाल शक्तिका आधार माथि उभिएर पृथ्वीविचारको जुक्ति लगाएर अगि बढेमा नेपाल सबै क्षेत्रमा सफलता हासिल गर्दै नयाँ शक्तिको साथ उदाउने छ विश्वसामु । नेपालको विचारको र समृध्दिको माउशक्ति पृथ्वीविचार हो । त्यसेले पृथ्वीविचार नेपाल शक्तिको अभिन्न अंग हो । पहिला विश्वास जित । विश्वास आफैंमा शक्ति हो। राजा पृथ्वीनारायणले विश्वास जिते। राजाले पैसा खाँदैनन् जे भनेका छन् त्यही गर्छन् भन्ने विश्वासमा गोर्खाका हरेक घर धुरीले उनलाई त्यो बेलाको सारै ठूलो रकम रु एक दिए । यो हरेकको रु एकले पृथ्वीनारायणलाई शक्ति दियो । यस्तो जुक्ति उनले विषे नगर्चीबाट पाएका थिए। विश्वास जितेका पृथ्वीनारायणलाई गोर्खालीले धन पनि दिए, मन पनि दए, जन पनि दिए र ज्यान पनि दिए । यसरी दिने गोरखालीहरु शक्ति भएर फैलँदै गए र उनीहरुले शक्तिकोसाथ हामीलाई शक्तिशाली नेपाल दिए । विश्वासले समर्थन दिन्छ, समर्थनले शक्ति दिन्छ । दोस्रो जुक्ति पनि पृथ्वीविचारमा नै छ। पृथ्वीनारायणले भने जस्तै भ्रष्टचारीलाई राज्य र नेतृत्वले शत्रु घोषणा गर र शत्रुमाथि निर्मम किसिमले जाइलाग । यसो भएपछि तिमिले विश्वास जित्छौ । विश्वासको जगमा उभिएर गोरखाबाट सिकेर जनताबाट अर्बौं संकलन गर्न सक्छौं । पृथ्वीविचारको स्वदेशवादी धार पक्रँदै स्वदेशी पूँजीबाट धमाधम विद्युत उत्पादन गर्न थाल । क्रमश चुलो र चक्काबाट ग्यास पेट्रोल विस्थापित गर्दै जाउ । यसले नसोचेको आर्थिक शक्तिको नेपाल दिनेछ । आत्मनिर्भर कृषि अभियान नगद भैचने अरु समेत मूल पर्यटन । जतातत‌ै सीपको आवश्यकता जगैदेखि सीप शिक्षा सीपको महत्व बुझ्ने पृथ्वीनारायणबाट सीपशक्ति राष्ट्रको शक्ति बुझ । सीप आफैंमा जुक्ति पनि हो शक्ति पनि हो । एकजना चिनियाँको भनाइले नेपालको शक्ति केहो र नेपाली के गर्दै छौं भन्ने चेत आउन सकोस् । उनले भनेका छन् नेपाल सुनको कचौरो बोकेर भीख माग्न हिडिँरहेको छ ।

**-डिसी नेपाल डटकम**

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पतालः ०७५-४००१५४ | जनसेवा क्लब नर्यामिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पिटल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज धार्मिक, सामाजिक महत्वको भ्रमण हुनसक्छ । | **तुला** : आज साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । |
| **वृष** : आज प्रेममा मनमुटावका साथै मनमा शंका उत्पन्न हुनेछ । | **वृश्चिक** : आज रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । |
| **मिथुन** : आज आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । | **धनु** : आज बिहानै कुनै कुराले मन प्रसन्न रहनेछ । |
| **कर्कट** : स्वादिष्ट भोजन पाइनेछ । मनोरञ्जनमा सहभागिता भइएला । | **मकर** : गोपनीय ढंगले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ । |
| **सिंह** : न्यायिक कार्यमा सफलता मिल्ने छ । परिवारमा रमाइलो जमघट हुनेछ । | **कुम्भ** : आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । आँटेको कार्य पुरा होला । |
| **कन्या** : सानातिना समस्यामा अल्झनुपर्ने छ । पाचनप्रणालीमा समस्या देखिनसक्छ । | **मीन** : सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । |

# कृषि

## युवाको व्यावसायिक पशुपालनमा आकर्षण

बाँकेका शशीराम डाँगी बिहानै ६ बजे दूध लिन आउने गाडीको प्रतिक्षामा बस्छन् । उनले तयार पारेको ३५ लिटर दूधको भाँडो उठाएर गाडीले लैजान्छ । बिहान दूध लैजान आउने गाडीले बेलुका पनि उनको घर छेउमा आएर हर्न बजाउँछ । अनि शशीरामले तयार पारी राखेको २५ लिटर जति दूधको भाँडो बिहान जसरी नै उठाएर लैजान्छ । यो क्रम विगत पाँच वर्षदेखि उनको घरमा चल्दै आएको छ ।



**बाउबाजेले गर्दै आएको कामलाई व्यावसायिक रुपमा नै गर्न सुरु गरेका शशीरामको फार्ममा अहिले 'होलस्टेनक्रस' प्रजातिका सात गाई छन् । सुरुमा दुई गाईबाट व्यवसाय गरेका शशीरामले दूधबाट फाइदा हुन थालेपछि गाईको सङ्ख्या बढाएको बताए । 'व्यवसाय सानैबाट गर्नुपर्छ भन्ने जानेर सुरुमा दुई गाई पालेँ । त्यसबाट चित्त बुझ्दो भएपछि पाँच वटा गाई थपेको हुँ,' उनले भने । अरु व्यवसाय गर्नलाई पढाइलेखाइ कम भएकै कारण पशु पालन सानैबाट गर्दै आएकाले यही पेशालाई अंगालेको उनले बताए । गाईलाई दानापानीमै मासिक ५0 हजारको हाराहारीमा खर्च लाग्ने भएकाले आम्दानी ९0 हजार भए पनि नाफा भने जम्मा ३0 देखि ४0 हजारसम्म हुने उनको भनाइ छ । सौँचेजस्तो मनग्य फाइदा नहुँदा पनि यही पेसा नै गर्न मन लाग्ने उनले बताए ।**

बाँकेको कोहलपुर नगरपालिका-१३ खडकवारका शशीराम १० वर्ष साउदीमा बसेर फर्किएपछि व्यावसायिक रुपमा पशु व्यवसायी बनेका छन् । गुर्वाकोटी पशुपालन फार्म र अमृत पशुपालन फार्म गरी दुई फार्म दर्ता गराएर पशु व्यवसायी बनेका उनलाई हिजोआज भ्याइनभ्याइ छ । बाउबाजेले गर्दै आएको कामलाई व्यावसायिक रुपमा नै गर्न सुरु गरेका शशीरामको फार्ममा अहिले 'होलस्टेनक्रस' प्रजातिका सात गाई छन् । सुरुमा दुई गाईबाट व्यवसाय गरेका शशीरामले दूधबाट फाइदा हुन थालेपछि गाईको सङ्ख्या बढाएको बताए । 'व्यवसाय सानैबाट गर्नुपर्छ भन्ने जानेर सुरुमा दुई गाई पालेँ । त्यसबाट चित्त बुझ्दो भएपछि पाँच वटा गाई थपेको हुँ,' उनले भने । अरु व्यवसाय गर्नलाई पढाइलेखाइ कम भएकै कारण पशु पालन सानैबाट गर्दै आएकाले यही पेशालाई अंगालेको उनले बताए । गाईलाई दानापानीमै मासिक ५० हजारको हाराहारीमा खर्च लाग्ने भएकाले आम्दानी ९० हजार भए पनि नाफा भने जम्मा ३० देखि ४० हजारसम्म हुने उनको भनाइ छ । सौँचेजस्तो मनग्य फाइदा नहुँदा पनि यही पेसा नै गर्न मन लाग्ने उनले बताए । 'हामीले उत्पादन गरेको दूधको खरिद मूल्य जम्मा रु ६४ हुने अनि बजार भाउअनुसार उपभोक्ताले बिक्री गर्ने मूल्य सय देखि एकसय २० सम्म हुँदा पनि गर्न मन लाग्नुभनेको एक प्रकारको बाध्यता पनि हो,' उनले भने, 'पढाइलेखाइ धेरै र हातमा अरु नै सीप भएको भए खासै चित्त नबुझ्दो नाफा हुँदा पनि चित्त बुझाएर बस्दिनथेँ ।' शशीरामले झैँ दूध बेचेरै घरखर्च चलाउँदै आउनुभएको छ राम सुहवन यादवले पनि । उनले पनि पुर्खाले पाल्दै आएको पशु पानलाई व्यावसायिकरुपमा अघि बढाउन 'यादव भैँसीपालन फार्म' दर्ता गराएका छन्। रु २० लाख खर्च गरेर बनाएको राम सुहवनले उक्त फार्ममा हिजोआज एक सय ३० वटा भैँसी पालेका छन् । उनको फार्ममा तीमध्ये हिजोआजको यो समयमा ३५ वटा भैँसीले दूध दिन्छन् भने बाँकी भैँसी ब्याउने चरणमा छन् । बाँकेका तीन ठाउँमा दैनिक १२ लिटरको हाराहारीमा राम सुहवनले दूध सङ्कलनका लागि पठाउने गर्छन् ।

त्यसरी दूध सङ्कलन गर्ने दूध डेरीअन्तर्गत साइबाबा दूध डेरी, एस के दूध डेरी र डिडिसी दूध डेरी छन् । खर्च र आम्दानी ठ्याक्कै भन्न नसकेका राम सुहवनले मासिक नाफा भने रु ५० देखि ६० हजारसम्म हुने गरेको बताए । सरकारले ल्याएको पशु बीमा अन्तर्गत उनले पनि बीमा गराएको बताए तर पशु मृत्युपछि भने बीमाको रकम पाउने प्रक्रिया नै निकै झन्झटिलो भएको हुनाले गत वर्षदेखि बीमा गर्न छाडेको उनले बताए । 'बीमा गराउनुभन्दा बीमा रकम पाउने प्रक्रिया नै निकै झन्झटिलो रहेछ,' उनले भने, 'हामी किसानलाई दिनभरि बीमा रकमको लागि दिनैभरि अफिसमा बस्ने कहाँ फुर्सद ? हामीले त गत वर्षदेखि नै बीमा गराउन छाडेका छौँ ।' शशीराम र राम सुहवनजस्तै व्यावसायिक पशुपालन गरेर विगत सात वर्षदेखि दूध बेच्दै आउनुभएको छ बर्दियाका गोविन्द उपाध्यले पनि । पन्ध्रवटा गाईबाट व्यवसाय गर्न सुरु गरेका उनले अहिले ४४ गाईको रेखदेख गर्दै आई रहेका छन् ।

विसं २०७३ मा एकता पशुपालन फार्म दर्ता गराएर उनले व्यावसायिक रुपमा नै पशुपालन गर्दै आएका हुन् । निर्जीवन बीमा कम्पनीमा कार्यरत ४४ वर्षीय उनले कृषिमा पनि केही गर्न सकिन्छ र युवाले नै कृषि पेसालाई अँगालेर अगाडि बढ्नुपर्छ भन्ने उद्देश्यले आफूले गाईपालन गर्न सुरु गरेको बताए । जर्सी र होलस्ट्रेनक्रस प्रजातिका गाईबाट उनले प्रत्येक दिन २३० देखि २३५ लिटरसम्मको दूध उत्पादन गर्छन् । किसानबाट उपभोक्तासम्म रु ३० देखि ४० को फरक पर्दा पनि भोलिका दिनमा दररेट बढ्ने आशामा आफूले फार्म सञ्चालन गरेको उनको भनाइ छ । आफ्नै जग्गामा फार्म सञ्चालन गर्दै आउनुभएका गोविन्दको मासिक खर्च रु तीन लाखको हाराहारीमा हुन्छ भने आम्दानी रु तीन लाख ७० हजार हुने गर्दछ । दूधबाट उहाँलाई पनि सरदरमा मासिक रु ४०/४५ हजारको नाफा हुने गर्दछ । पाँच कामदार राखेर फार्म सञ्चालन गर्दै आएका गोविन्दले पशुपालन किसानको मर्कालाई बुझेर उत्पादनमा अनुदानको व्यवस्थालाई कार्यान्वयनमा ल्याई दिन सरकारलाई आग्रह गरे । किसानद्वारा उत्पादित दूधलाई सङ्कलन गरेर आत्मनिर्भर बनाउनमा निकै ठूलो सहयोग गरेको छ 'एस के डेरी इन्डस्ट्रिज प्राइभेट लिमिटेड' बाँकेले । बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-२२ को पुरैनीमा रहेको उक्त दूध डेरीमा बाँके र बर्दियाका गरी पाँच हजार किसानले दूध सङ्कलन गर्ने गर्छन् ।

प्रालिका प्रोडक्सन इञ्चार्ज सन्तोष पौडेलका अनुसार विसं २०७६ देखि उक्त उद्योगले किसानका दूधलाई सङ्कलन गर्दै आएको छ । सो प्रालिमा ३२ जना कर्मचारी कार्यरत छन् । उनका अनुसार किसानबाट सङ्कलित दूधलाई चिसो बनाएर प्रयोगशालामा परीक्षण गर्दै परामिटरले परीक्षण गरेर दूधको 'फ्याट' निकाल्ने गरिन्छ । फ्याटबाट निकालिएको दूधलाई ४५ डिग्रीमा राखिएपछि उक्त दूधबाट आइसक्रिम, केक, पनिरलगायत अन्य दूधबाट बनिने सबै परिकार बनाएर बजारमा पठाइने उनले बताए । 'हामीले किसानबाट सङ्कलन गरेका दूधलाई ४५ डिग्रीको चिसो तापक्रममा राखेर दूधका विभिन्न परिकार बनाएर बजारमा पठाउँछौँ,' उनले भने, 'हामीकहाँ राम्रो भोल्टेजका कारण प्याकिङ गरेर राखिएका सामान बिग्रने सम्भावना हुँदैन । हामीले गुणस्तरलाई बढी ध्यान दिएका छौँ ।' प्रालिक उत्पादन प्रमुख पौडेलका अनुसार प्रत्येक दिन किसानबाट एक हजार पाँच सय लिटर दूध सङ्कलन गरेर पाँच सय लिटर पनिर, एक हजार लिटर दही, दुई सय लिटर दूधको आइसक्रिम बनाइन्छ । यसरी बनाइएका दूधका परिकार बाँकेमा मात्र नभई बर्दिया, दाङ, सुर्खेत, जुम्लादेखि काठमाडौँसम्म जाने गर्छ । साढे पाँच कठ्ठाको क्षेत्रफलमा निर्मित उक्त दूध डेरी बनाउनका लागि सबै मेसिन भारत र चीनबाट ल्याइएको उनले बताए । अनुदान बिना तीनजना युवाले मिलेर रु आठ करोडको लगानीमा अत्याधुनिक प्रविधिमा उक्त उद्योग सञ्चालन गरिएको हो ।-**रासस**

## उत्पादन बढेपछि चक्लाबन्दीमा आकर्षित हुँदै किसान



**आर्थिक वर्ष २०७९/८0 मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालय बागलुङ अन्तर्गत रु ५0 लाख लगानी तथा स्थानीय फार्म, कृषि समूह तथा सहकारीमार्फत चार सय ५५ रोपनी जग्गामा कागती खेती, ओखर खेती किवी खेती, तरकारी खेती र स्याउ खेती थालिएको आयोजनाका प्रमुख वरिष्ठ कृषि अधिकृत सुजित पौडेलले बताए । 'सुरुमा किसान चक्लाबन्दीको विषयमा जानकार नभएर कम निवेदन आउँथ्यो, अहिले निवेदन धेरै आउँछ, यो वर्ष २१ फार्म, समूह र सहकारीमा आबद्ध किसानले चक्लाबन्दीका लागि निवेदन दिनुभएको थियो, हामीले पाँच वटा फार्मलाई मात्रै स्वीकृत गरेर चक्लाबन्दीका लागि थालिएको प्रस्तावनाअनुसार काम भइसकेको छ', उनले भने, 'एउटै पलटमा एकल बाली लगाउँदा उत्पादन लागत घट्ने, धेरै परिणाममा उत्पादन हुँदा उत्पादनको बजारीकरणमा सहजतालगायतका कारण चक्लाबन्दीमा किसान आकर्षित भएका हुन् ।**

बाँझो जग्गाको सदुपयोगसँगै उत्पादनमा वृद्धि भएपछि बागलुङका किसान चक्लाबन्दीतर्फ आकर्षित भएका छन् । बसाइँसराइका कारण बाँझो जग्गा बढ्दै गएको, एकल खेतीभन्दा सामूहिक खेतीले उत्पादन बढाउने र एकीकृत उत्पादनले बजारीकरणमा समेत सहयोग पु-याउने भएपछि जिल्लाका किसान चक्लाबन्दीतर्फ आकर्षित भएका हुन् । बाँझो जग्गालाई एउटै 'पलट' बनाउने, जग्गाको खण्डीकरण मिलाउने र एकल बाली लगाउँदा उत्पादनमा वृद्धि हुने भएपछि जिल्लाका किसानले फार्म, समूह र सहकारीमार्फत चक्लाबन्दी गर्न थालेका हुन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको अगुवाइमा बागलुङ जिल्लामा पछिल्लो तीन वर्षयता १२ स्थानको कृषि फार्म, समूह तथा सहकारीमार्फत आठ सय रोपनी जग्गा चक्लाबन्दी भइसकेको मात्रै छैन चक्लाबन्दीमा गरिएको किवी तथा कागतीले उत्पादन दिन थालेका छन् ।

आर्थिक वर्ष २०७९/८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालय बागलुङ अन्तर्गत रु ५० लाख लगानी तथा स्थानीय फार्म, कृषि समूह तथा सहकारीमार्फत चार सय ५५ रोपनी जग्गामा कागती खेती, ओखर खेती किवी खेती, तरकारी खेती र स्याउ खेती थालिएको आयोजनाका प्रमुख वरिष्ठ कृषि अधिकृत सुजित पौडेलले बताए । 'सुरुमा किसान चक्लाबन्दीको विषयमा जानकार नभएर कम निवेदन आउँथ्यो, अहिले निवेदन धेरै आउँछ, यो वर्ष २१ फार्म, समूह र सहकारीमा आबद्ध किसानले चक्लाबन्दीका लागि निवेदन दिनुभएको थियो, हामीले पाँच वटा फार्मलाई मात्रै स्वीकृत गरेर चक्लाबन्दीका लागि थालिएको प्रस्तावनाअनुसार काम भइसकेको छ', उनले भने, 'एउटै पलटमा एकल बाली लगाउँदा उत्पादन लागत घट्ने, धेरै परिणाममा उत्पादन हुँदा उत्पादनको बजारीकरणमा सहजतालगायतका कारण चक्लाबन्दीमा किसान आकर्षित भएका हुन् ।' कृषि अधिकृत पौडेलका अनुसार आर्थिक वर्ष २०७९/८० मा चक्लाबन्दी कार्यक्रम अन्तर्गत गतेरा पशुपन्छी युवा कृषक समूह निसीखोला गाउँपालिका-४ मा ५६ रोपनी बाँझो जग्गामा आठ सय ५० वटा किवीका बिरुवा लगाइएको छ भने आठ सय ५० थान नै क्रङ्किटको पोल व्यवस्थापन गरिएको छ ।

उक्त समूहमा २५ जना किसान आबद्ध रहेका छन् । बाँझो जग्गालाई सदुपयोग गर्ने प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको उद्देश्यअनुसार यहाँका किसान उत्साहित भएर किवी खेती गरिरहेको गतेरा पशुपन्छी युवा कृषक समूहका अध्यक्ष लिला घर्तीले बताए । 'बाँझो जग्गा थियो, चक्लाबन्दी भनेको जग्गा सम्याउने मात्रै होला भन्ने थियो, एउटै प्लटमा एकै प्रकारको खेती ६० रोपनीभन्दा माथि गरेपछि चक्लाबन्दी हुँदो रहेछ', उनले भने, 'परियोजनाको रु आठ लाख ६० हजार र समूहको रु तीन लाख गरी रु ११ लाख ६० हजार लागतमा किवी खेती गरेका छौँ भने किवीलाई आवश्यक पोल र तारसमेत अहिलेनै व्यवस्थापन गरिएको छ ।' यस्तै जैमिनी नगरपालिका-३ स्थित छन्त्याल कृषि समूहले दुई सय रोपनी बाँझो जग्गामा ओखर खेती गरेको छ । तीस जना किसानको समूह रहेको उक्त समूहमा सिँचाइको समेत व्यवस्था परियोजनामार्फत गरिएको छ । यस्तै ढोरपाटन -९ स्थित नवी गाउँको ८० रोपनी जग्गामा एक हजार दुई स्याउका कलमी बिरुवा लगाइएको छ । बीस जना किसान आबद्ध रहेको समूहमा सिँचाइको व्यवस्था मिलाइएको छ । नवी गाउँमा आलु खेतीमा भन्दा स्याउखेतीबाट दोब्बर आम्दानी गर्न सकिने भएकाले किसान स्याउ खेतीमा लागेका हुन् । नवी गाउँमा लगाइएका स्याउ तीन वर्षपछि फल्न थाल्नेछ । यस्तै चक्लाबन्दी कार्यक्रममार्फत बागलुङ -८ गडेलबोटमा गडेलबोट कृषि तथा पशुपालन समूहअन्तर्गत एकीकृत तरकारी खेतीका लागि ३५ वटा अस्थायी र तीन वटा स्थायी प्लाष्टिक टर्नेल स्थापना गरिएको छ भने ७० रोपनी जग्गामा व्यावसायिक तरकारी खेतीका लागि ४० घरलाई समावेश गरिएको छ । बागलुङ जिल्लाको काठेखोला गाउँपालिका-५ स्थित गैरीखेत कृषक समूहमा चक्लाबन्दी कार्यक्रमअन्तर्गत ४० रोपनी जग्गामा छ सय कागतीका बिरुवा लगाउने, तारबार व्यवस्थापन र सिँचाइको व्यवस्था मिलाइएको छ । चक्लाबन्दी कार्यक्रमअन्तर्गत एउटै पलटमा ६० देखि सय रोपनी जग्गामा एकै प्रकारको खेती गर्न आवश्यक हुन्छ । परियोजनाले चक्लाबन्दीका लागि सामग्री खरिदमा ५० प्रतिशत र निर्माण कार्यमा ८५ प्रतिशत अनुदान दिएर किसानलाई चक्लाबन्दीतर्फ प्रोत्साहित गरेको छ ।

बागलुङ जिल्लालाई विस्तारै जग्गा चक्लाबन्दी गरेर व्यावसायिक खेती प्रणालीमा लैजान थालिएको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले बताए । उनले थोरै जग्गामा खेती गर्दा उत्पादन लागत बढ्ने र बजारीकरणमा समस्या हुने भएकाले एकीकृत ढङ्गले खेती गर्न चक्लाबन्दी आवश्यक रहेको बताए । बसाइँसराइले क्रमशः गाउँका जग्गा बाँझो पल्टिने, जग्गाको खण्डीकरणका कारण यान्त्रिकरण गर्न नसकिने तथा एकल बालीका लागि उपयुक्त जग्गाको अभावका कारण चक्लाबन्दी गर्न थालिएको हो । नगदे बालीको उत्पादन बढाउने, यान्त्रिकरणको माध्यमबाट उत्पादन लागत घटाउने र खेर गएको जग्गालाई सदुपयोग गर्नेका लागि जग्गा चक्लाबन्दीको योजना निरन्तररुपमा जिल्लामा सञ्चालित भइरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङले जनाएको छ ।

चक्लाबन्दी कार्यक्रममा समावेश हुनका लागि फार्मको ६० रोपनी र समूहको सय रोपनी जग्गाभन्दा माथि हुन आवश्यक छ । चक्लाबन्दी जग्गामा सजिलै यन्त्र उपकरण लैजान सकिने, पानीको निकास हुने, पहिरो नजाने तथा उत्पादनमा समेत वृद्धि हुने र उत्पादन लागत घट्ने भएकाले जग्गा चक्लाबन्दीमा किसानको आर्कषण बढेको जिल्ला कृषि सहकारी सैंका अध्यक्ष नरबहादुर थापाले बताए । चक्लाबन्दी भन्दैमा डोजर लगाएर जग्गा सम्याउने मात्रै नभएर जग्गाको खण्डीकरण मिलाउने र अन्नबाहेकको एकल बाली लगाउनेलाई समेत चक्लाबन्दीका रुपमा लिइन्छ ।

**-रासस**



गुल्मीको सत्यवती गाउँपालिका - १ अस्लेवा र रुरु क्षेत्र गाउँपालिका -१ रिडीको विष्णु पञ्जरको भिरमा वृक्षारोपण तथा सरसफाई गर्दै नेपाली काँग्रेसका नेता तथा कार्यकर्ताहरु । ४१ औं बीपी स्मृति दिवसको अवसरमा नेपाली काँग्रेस गुल्मीले जिल्ला भर नै वृक्षारोपणसँगै सरसफाई गरेको छ । **तस्वीर : अनिल लिगल/एनजेडी**

# शहिद प्रतिष्ठानद्वारा विद्यार्थीलाई खेल र शैक्षिक सामग्री



**पाल्पा,** साउन ६/शहिद स्मृति प्रतिष्ठान पाल्पाले विद्यार्थीहरुलाई खेल र शैक्षिक सामाग्री दिएको छ । प्रतिष्ठानले शनिबार ४१ औं बीपी स्मृति दिवसको अवसरमा बगनासकाली गाउँपालिका चापपानी स्थित बसन्त प्रा.वि.का विद्यार्थीहरुलाई शैक्षिक र खेल सामाग्री प्रदान गरेको हो ।

विद्यालयमा विपन्न तथा निम्न आय भएका परिवारका बालबालिहरु अध्ययन गर्ने भएकाले पनि थोरै भए पनि उनीहरुलाई राहत पुगोस् भन्ने उद्देश्यले सामग्री दिइएको प्रतिष्ठानले जनाएको छ । उक्त सामग्री नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य राजन प्रसाद पन्तले विद्यालयलाई हस्तान्तरण गरेका हुन् । साम्रगी हस्तान्तरण गर्दै प्रमुख अतिथि पन्तले प्रतिष्ठानले विपन्न विद्यार्थीहरुप्रति देखाएको सहयोग र सद्भाव प्रशसंसनिय रहेको बताए । उनले बीपी स्मृतिको अवसरमा विपन्नहरुलाई सहयोग गर्ने कार्य आफैमा राम्रो रहेको धारणा व्यक्त गरे । काँग्रेस नेता पन्तले बीपीको आदर्श र सिद्धान्तलाई अनुसरण गर्न सके मात्र मुलुक समृद्धिको बाटोमा लाग्ने बताए । उनले बीपी. देशको एक कुशल नेता भएको स्मरण गर्दै उनको विचार र आदर्शलाई सबैले अनुसरण गर्न जरुरी रहेको बताए । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका कार्यवाक सभापति भूपेन्द्र गहिरेले नेपाली काँग्रेसमा अहिले सबैले गल्ती कमजोरी कैलाउँदै सच्चिने बेला आएको बताए । उनले प्रतिष्ठानले स्थापनाको छोटो समयमै रचनात्मक कार्य गर्दै आएकोमा खुसी व्यक्त गरे । कार्यक्रममा नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधी यमलाल तिमिल्सिना, बगनासकाली गाउँपालिका ९ का वडा अध्यक्ष थानेश्वर तिमिल्सीना, विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामलाल श्रेष्ठ, नेपाल महिला संघका अध्यक्ष गंगा पौडेल लगायतले आ-आफ्ना धारणा राखेका थिए । प्रतिष्ठानले करिव १० हजार बराबरको सामग्री सहयोग गरेको हो । उसले जिल्ला खेलकुद विकास समितिका कार्यवाक आध्यक्ष दिपक घिमिरे, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, चिदीपानीका पूर्व वडा अध्यक्ष शिव घिमिरे, कान्तिपुर स्टेशनरी, गौरी स्टेशनरी चिदीपानी, नेपाल पुस्तक पसल,पाठक पुस्तक पसल, लाफा स्टेशनरी, जनसेवा पुस्तक पसलबाट शौजन्य प्राप्त भएको सामग्री विद्यार्थीलाई दिएको हो । कार्यक्रम प्रतिष्ठानका अध्यक्ष रमा पन्तको अध्यक्षता, उपाध्यक्ष पोषकान्त बस्यालको स्वागत र सचिव भरत शर्माको सञ्चालनमा भएको थियो ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

खेलकुद समाचार

# रोनाल्डोको टोलीको लगातार हार



**काठमाडौं,**साउन ६/साउदी क्लब अल नासरले युरोपेली प्रतिद्वन्द्वीविरुद्ध लगातार दोस्रो खेलमा फराकिलो हार व्यहोरेको छ । पोर्चुगलको बेन्फिकाले अल नासरलाई ४-१ ले पराजित गरेको हो । त्यसअघि अल नासरले स्पेनिस क्लब सेल्टा भिगोसँग ५-० को हार व्यहोरेको थियो ।

क्रिस्टियानो रोनाल्डोले खेलमा ८४ मिनेट बताएता पनि गोल गर्न सकेन । बेन्फिकाका लागि भने अर्जेन्टिनी विंगर एन्जल डी मारियाले पहिलो गोल गरे । यस्तै गोन्कालो रामोसले दुई गोल गरे । डी मारियाले खेलको २३ औं मिनेटमा गोल गर्दै बेन्फिकालाई अग्रता दिलाएका थियो । त्यसपछि रामोसले ५ मिनेटको अन्तरमा दुई गोल गर्दै बेन्फिकालाई जित नजिक पुर्‍याए । ४२ औं मिनेटमा साउदी टोलीका लागि सुल्तान अल घानमले एक गोल फर्काए । दोस्रो हाफमा बेन्फिकाका आन्द्रिएस सेल्देरूपले गोल गर्दै टोलीलाई जित दिलाए ।

यसअघि भएको खेलमा अल नासरले स्पेनिस क्लब सेल्टा भिगोसँग ५-० को फराकिलो हार बेहोरेको थियो । त्यस खेलमा पनि रोनाल्डोले सुरुदेखि नै खेलेको खेलमा अल नासरको प्रदर्शन बिर्सन लायक रह्यो । क्रोएसियाका मिडफिल्डर मार्सेलो बोजोभिचले पनि यसै खेलमार्फत अल नासरबाट डेब्यु गरेका थिए । पहिलो हाफ अल नासरले खेल बराबरीमा रोके पनि दोस्रो हाफमा भने सेल्टा पूर्ण रूपमा हावी रह्यो । सेल्टाका लागि गेल जन्सनले सुरुवाती अग्रता दिलाउनुभयो । त्यसपछि मिगेल रोड्रिग्वेज र जोर्गेन लार्सनले दुई-दुई गोल थप्दै टोलीलाई फराकिलो जित दिलाउनुभएको थियो । अल नासरले अब प्रि-सिजनमा पेरिस सेन्ट जर्मेन र इन्टर मिलानको सामना गर्नेछ ।

# गुल्मीमा नागरिकताभन्दा...

...गुल्मीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले प्रशासनमा राहदानी बनाउने प्रयोजन उल्लेख नभए पनि अधिकांशले वैदेशिक रोजगारीकै लागि राहदानी बनाउने गरेको बताए । कार्यालयका अनुसार गत आवमा राहदानी बनाएवापत सात करोड ३१ लाख ९० हजार राजस्व संकलन भएको छ । जुन आव २०७८/७९ मा तीन करोड ७१ लाख ६७ हजार हजार पाँच सय थियो । साथै राहदानी बनाएवापत कार्यालयले आव २०७७/७८ मा रु एक करोड ४५ लाख ४२ हजार पाँच सय राजस्व संकलन गरेको थियो । **-रासस**

अर्थ/कर्पोरेट समाचार

# कोरियामा काम गरेर फर्किएकालाई पुनः अवसर



**पाल्पा,** साउन ६/कोरियामा पाँच वर्ष बसेर काम गरी फर्केकाहरुलाई पुन: जाने अवसर दिइएको छ । वैदेशिक रोजगार विभागअन्तर्गत इपिएस कोरिया शाखाले दक्षिण कोरियामा पाँच वर्ष वैधानिक तवरले काम गरेर फर्किएका नेपाली कामदारका लागि फेरी जान चाहेमा पुन:भाषा परीक्षा दिएर जान सक्ने अवसर दिएको हो । जसका लागि परीक्षा लिन आवेदन खुला गरिएको छ ।

कोरियामा रोजगार गरेर फर्किएकाले यही साउन १३ गतेदेखि १५ गतेसम्म भाषा परीक्षाका लागि आवेदन दिन सकिने छ । उक्त भाषा परीक्षा आगामी भदौ १८ गतेदेखि २९ गतेसम्म सञ्चालन हुनेछ भने नतिजा प्रकाशन असोज ३ गते हुनेछ । इपिएस कोरिया शाखाले एक सूचना प्रकाशित गरी नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच सम्पन्न समझदारी अन्तर्गत दक्षिण कोरियाबाट काम गरी वैधानिक तवरले फर्केका कामदारलाई पुन: कामदारको रुपमा पठाउने प्रक्रियाअनुरुप आवेदन खुला गरिएको जनाएको छ । शाखाद्वारा प्रकाशित सूचनाअनुसार आवेदश नेपाली नागरिक हुनुपर्ने, इपिएसअन्तर्गत कोरियामा रोजगारी प्राप्त गरेका र सन् २०१० जनवरी १ पश्चात् भिसा अवधिभित्रै स्वैच्छिक रुपले नेपाल फर्केका कामदार हुनुपर्ने छ । आवेदकको उमेर १८ वर्ष पूरा भई ३९ वर्ष ननाघेको हुनुपर्ने छ । फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, कोरियामा गई गैरकानुनी रुपमा बसोबास नगरेको, नेपालबाट अन्य मुलुकमा जान रोक नलगाइएको व्यक्ति हुनुपर्ने जनाइएको छ ।

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई